**बैठक संख्या: ६।२०८०।८१**

**मिति: २०८०।०९।१५**

**समय: बिहान १० बजे**

**स्थान: भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| २. | | सविना बुढा | उपाध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| ३. | | मनकाजी पुनमगर | वडाध्यक्ष | १ नं वडा कार्यालय |
| ४. | | नारायण पुनमगर | वडाध्यक्ष | २ नं वडा कार्यालय |
| ५. | | प्रशुराम बुढा | वडाध्यक्ष | ३ नं वडा कार्यालय |
| ६. | | श्याम प्रसाद बुढा | वडाध्यक्ष | ४ नं वडा कार्यालय |
| ७. | | टेक प्रसाद बुढा | वडाध्यक्ष | ५ नं वडा कार्यालय |
| ८. | | बिक्रम पुन मगर | वडाध्यक्ष | ६ नं वडा कार्यालय |
| ९. | | संगम रोका | वडाध्यक्ष | ७ नं वडा कार्यालय |
| १०. | | दिनेश रोका | वडाध्यक्ष | ८ नं वडा कार्यालय |
| ११. | | विनोद बुढा | वडाध्यक्ष | ९ नं वडा कार्यालय |
| १२. | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १३. | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १४. | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १५. | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १६. | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १७. | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १८. | | टेकिलाल वि.क. | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | भूमे गाउँपालिका कार्यालय |

**अन्य उपस्थिति**

| | | | | |
|---|---|---|---|---|
| | | | | |

भमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ६ / ०८०/८१ मिति २०८०/०९/१५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त

बेहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | |
| २ | कार्यप्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा। | |
| ३ | कार्यक्रममा सहभागी हुने सम्बन्धमा। | |
| ४ | कार्यक्रममको लागत साझेदारीमा प्रतिबद्धता सम्बन्धमा।। | |
| ५ | कार्यबिधिको पुर्ण परिपालाना गर्ने सम्बन्धमा। | |

**भुमे गाउँपालिका, रुकुम (पूर्व )**

**बैठक सं. ६/ ०८०/८१ मिति २०८०/०९/१५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब**

**निर्णय नं. १:**

अघिल्लो कार्यपालिकाका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गर्दा जम्मा ११ वटा निर्णय भएकोमा ७ वटा निर्णय कार्यान्वयन भएको र कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयन कार्ययोजना बनाई शीघ्र कार्यान्वयन गर्ने निस्कर्ष निकालियो ।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा, इकाई, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो र ~~असोज~~ मंसिर महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा सेवा प्रवाहको समयमा केही समस्याहरु आएतापनि सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो र यसलाई थप सुधार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३**

नव प्रर्वतनमा आधारित स्थानीय बिकास कार्यक्रम संचालन कार्यबिधी, २०८० को दफा ४२ (२) बमोजिम मापदण्ड पुरा गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईट मार्फत प्रकाशित मिति २०८०।०९।०४ को सूचीमा यस भूमे गाउँपालिकाको समाबेश भएको हुदाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं. नं. ३१ मिति २०८०।०९।०५ मा प्रकाशित सुचना वमोजिम कार्यक्रममा सहभागी हुने निर्णय गरियो ।

**निर्णय नं. ४**

नव प्रर्वतनमा आधारित स्थानीय बिकास कार्यक्रम संचालन कार्यबिधी, २०८० को दफा ४२ बमोजिम यस भुमे गाउँपालिका कार्यक्रममा सहभागी हुन यस गाँउपालिकबाट आ.व. २०८०।२०८१ मा कुल कार्यक्रम रकमको १५ % रु ११,२५,०००।– अक्षरुपी रु एघार लाख पच्चीस हजार बजेत आगामी हिउँदे अधिबेशनबाट प्रबन्ध गर्ने प्रतिबद्धता सहितको निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यक्रम संचालन गर्दा नव प्रर्वतनमा आधारित स्थानीय बिकास कार्यक्रम संचालन कार्यबिधी, २०८० को यस भूमे गाउँपालिकाबाट पुर्ण परिपालना गर्ने निर्णय गरियो ।

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — | फरक मत नरहेको | — |